# नेपाल माईको इन्स्योरेन्स कम्पनी लिमिटेडको
# दोस्रो वार्षिक साधारण सभाको
# निर्णय विवरण (माइन्यूट)

१. <u>बैधानिक सभा :</u>

नेपाल माईको इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८२ साल वैशाख २१ गते आइतबार अपरान्ह ४.०० बजे बसेको बैठकको निर्णयानुसार बोलाइएको कम्पनीको दोस्रो साधारण सभा निम्न मिति, समय र स्थानमा सु-सम्पन्न भयो ।

२. <u>सभाको मिति, स्थान र समय :</u>

मिति : २०८२ साल जेष्ठ १६ गते शुक्रबार तद्अनुसार (३० मे, २०२५)

स्थान : भरतपुर गार्डेन रिसोर्ट, भरतपुर, चितवन

समय : बिहान ११:०० बजे

३. <u>सभाको सूचना :</u>

३.१ यस कम्पनीको संचालक समितिको मिति २०८२ साल वैशाख २१ गते आइतबार बसेको बैठकको निर्णयानुसार मिति २०८२ साल जेष्ठ १६ गते शुक्रबार दोस्रो साधारण सभा बोलाउने निर्णय भए अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिमको सूचना मिति २०८२ साल वैशाख २२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २१ दिन अगाडि सूचना प्रकाशित गरी मिति २०८२ साल जेष्ठ ६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा पून: स्मरणार्थ दोश्रो पटक सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाको साथमा आ.व.२०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन शेयर धनी महानुभावहरुले प्रधान कार्यालय, भरतपुर, चितवन र प्रदेश कार्यालय, गैह्रिधारा, काठमाडौंबाट प्राप्त गर्न सकिने छ भनी सूचना प्रकाशित गरिएको थियो ।

३.३ कम्पनीले शेयरधनी महानुभावहरुलाई जानकारी तथा अध्ययनका लागि उपर्युक्त बमोजिमको वार्षिक प्रतिवेदन तथा प्रकाशित सूचना समेत कम्पनीको वेबसाईट www.nepalmicro.com मा समेत upload गरी शेयरधनी महानुभावहरुलाई साधारण सभा सम्बन्धी जानकारी यथा समयमा नै गराईएको थियो ।

Nepal Micro Insurance Company Ltd. Chitwan

४. आसन ग्रहण :

४.१ सभामा भाग लिन उपस्थित हुन भएका कम्पनीका अध्यक्ष श्री आशिष श्रेष्ठ संचालकहरु क्रमश: श्री लतिका गोल्याण, श्री सिद्धान्त झुनझुनवाला र स्वतन्त्र संचालक श्री बद्री सिग्देलले आसन ग्रहण गर्नु भयो ।

४.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री मृगेन्द्र रिमाल तथा नायब प्रमुख कार्यकारी अधिकृत श्री अनिल गिरीले पनि आसन ग्रहण गर्नु भयो ।

४.३ शेयरधनीहरु महानुभावहरुलाई यथा स्थानमा आसन ग्रहणका लागि अनुरोध गरिएको थियो ।

५. सभाको सभापतित्व :

कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम १९(१) बमोजिम कम्पनीका अध्यक्ष श्री आशिष श्रेष्ठज्यूले साधारण सभाको सभापतित्व गर्नु भई सभाको कार्यक्रम अगाडि बढाउन सभा संचालक एवं नि. कम्पनी सचिव राम प्रसाद हुमागाईलाई अनुमति प्रदान गर्नु भयो ।

६. गणपूरक संख्या :

कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम साधारण सभा संचालनका लागि कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व तथा यस कम्पनीको नियमावलीको, नियम २३ बमोजिम साधारण सभा संचालनका लागि कूल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनुपर्नेमा आजको यस सभामा कूल शेयर संख्याको ५४.७० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी २४ जना स्वयं तथा ५० जना प्रोक्सी मार्फत उपस्थिति रहेको हुनाले सभामा आवश्यक गणपूरक संख्या पूरा भएको र सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी गराईयो ।

७. उपस्थिति :

अ. सञ्चालकहरुको उपस्थिति :

१. अध्यक्ष, श्री आशिष श्रेष्ठ

२. संचालक, श्री लतिका गोल्याण

३. संचालक, श्री सिद्धान्त झुनझुनवाला

४. स्वतन्त्र संचालक, श्री बद्री सिग्देल

Nepal Micro Insurance Company Ltd. Chitwan

आ. अन्य पदाधिकारीहरुको उपस्थिति :

१. प्रमुख कार्यकारी अधिकृत, श्री मृगेन्द्रनाथ रिमाल

२. नायब प्रमुख कार्यकारी अधिकृत, श्री अनिल गिरी

इ. शेयरधनीहरुको उपस्थिति :

| | |
|---|---|
| स्वयं उपस्थित | २४ |
| प्रतिनिधि मार्फत उपस्थित | ५० |
| जम्मा उपस्थित | ७४ |

ई. शेयरधनीको उपस्थिति संख्या :

| कूल चुक्ता शेयर संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा कित्ता | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ७५,००,००० कित्ता | २,४१,०४७ कित्ता | ३८,६०,७८२ कित्ता | ४१,०१,८२९ कित्ता | ५४.७० |

८. सभामा छलफल गरिने प्रस्तावहरुको सूची प्रस्तुत:

सभा संचालक एवं नि. कम्पनी सचिव राम प्रसाद हुमागाईंले पूर्व निर्धारित सूचना अनुसार सभामा छलफलका लागि पेश भएका निम्न प्रस्तावहरु वाचन गर्नुभयो ।

छलफलका बिषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. सर्वसाधारण शेयर धनीको प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको नियुक्ति (निर्वाचन) गर्ने सम्बन्धमा ।

५. संचालकहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य सेवा सुविधाका सम्बन्धमा ।



Nepal Micro Insurance Company Ltd. Chitwan

६. कम्पनीले सामाजिक उत्तर दायित्व अन्तर्गत गरेको खर्च अनुमोदन सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु :

(ग) विविध ।

९. प्रमुख कार्यकारी अधिकृतज्यूबाट स्वागत मन्तव्य :

कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री मृगेन्द्रनाथ रिमालज्यूले सञ्चालक समितिका अध्यक्ष, सदस्य, सहकर्मी कर्मचारीहरु लगायत साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनीको व्यवस्थापन तथा व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दै कम्पनीको वर्तमान अवस्था बारे निम्नानुसार प्रकाश पार्नु भयो ।

- कम्पनीले न्यून आय भएका वर्ग तथा पिछडिएको क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय संचालन गरी आफ्नो कारोवारको दोस्रो बर्षमा प्रवेश गरेको,
- “सानो इन्स्योरेन्स, ठूलो केयर” भन्ने प्रतिबद्धताका साथ कार्य गर्दै आई रहेको र आगामी दिनहरुमा समेत कम्पनीलाई अझ व्यवसायिक बनाउदै लगिने,
- बीमा दावीलाई सकेसम्म छिटो भुक्तानी दिने व्यवस्था मिलाइएको,
- सामूहिक बीमा तर्फ केही परिमार्जन सहित विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विद्यार्थी सुरक्षा योजना र कर्पोरट सेक्टरमा कार्यरतहरुका लागि कर्पोरेट सुरक्षा योजना नामका बीमालेख प्राधिकरणबाट हालै स्वीकृत भएको,
- न्यून आय भएका वर्ग तथा पिछडिएको क्षेत्रलाई लक्षित गरी थप लघुबीमा लेखहरु तयार गरी प्राधिकरणको स्वीकृति लिई बिक्री वितरण गरी कम्पनीको व्यवसाय प्रबर्द्धन गरिने,
- नेपाल बीमा प्राधिकरणले कम्पनीको चुक्त पूँजी रु.७५ करोड पु-याउन दिएको निर्देशन बमोजिम यस कम्पनीले आ.ब. २०८१/०८२ मा सर्वसाधारणको लागि सुरक्षित गरिएको चुक्ता पूँजीको ३० प्रतिशत प्रारम्भिक शेयर सार्वजनिक निष्काशन गरेको,
- कम्पनीले नियमनकारी निकायबाट प्राप्त निर्देशन पालना गर्नुका साथै कानूनको उचित परिपालन मार्फत सुशासन कायम गरी आफ्नो व्यवसायिक लक्ष्य पूरा गर्न पूर्ण प्रतिबद्ध रहेको,
- अन्तमा, साधारण सभामा शेयरधनी महानुभावहरुको गरिमामय उपस्थितका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दै उपस्थित सबैलाई धन्यवाद दिनु भयो ।

१०. अध्यक्षज्यूको तर्फबाट वार्षिक प्रतिवेदनको प्रस्तुति :

साधारण सभाको सभापतित्व गर्नुहुने सञ्चालक समितिका अध्यक्ष श्री आशिष श्रेष्ठज्यूले सर्वप्रथम सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य र साधारण सभा

Nepal Micro Insurance Company Ltd. Chitwan

बोलाउनुको आधार र कारण प्रस्तुत गर्दै सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नु भयो । तत्पश्चात् सभापतिज्यूले वार्षिक प्रतिवेदन उपर आफ्नो मन्तव्य, जिज्ञासा र सुझाव भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

११. छलफलमा सहभागी शेयरधनी महानुभावहरुको टिप्पणी, जिज्ञासा र सुझावहरु :

सभाका सभापतिज्यूले संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात् कम्पनीको आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा र सुझाव भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भएकोमा उपस्थित शेयरधनी महानुभावहरुबाट कुनै राय सुझाव एवं प्रश्न प्राप्त नभएको तर निम्न शेयरधनी महानुभावले इमेल मार्फत निम्न बमोजिमको जिज्ञासा र सुझाव प्रस्तुत गर्नु भएको थियो ।

११.१ शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ :

NMIC को दोस्रो वार्षिक साधारणसभामा केही लिखित सूझाव टिप्पणी मन्तव्य राख्न पाउंदा हामीलाई खुसी लागेको छ। अलग्गै निर्जीवन लघु बीमा कम्पनी दर्ता गरी २०८० असार २० गते देखी बीमा व्यवसाय कारोबार गरी २०८०/८१ को अनेक चुनौतीका बाबजुद बार्षिक साधारणसभा डाक्नु नै ठूलो उपलब्धि ठानेको छु। यस निम्ति धैरै धैरै धन्यवाद छ । अध्यक्ष ज्यू लगायत संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, उच्च व्यवस्थापन सबै संलग्न कर्मचारी लेखा परिक्षक सबैमा धन्यवाद छ ।

१) यस संस्थाबाट यसवर्ष नगद लाभांश तथा बोनस सेयर दिने प्रस्ताव गरेको छैन । तापनि नियमनकारी निकायको निर्देशन बमोजिम हुनुपर्ने न्युनतम पूंजी पुगेको छ । हकप्रद शेयर जारी गर्न आजैदेखि लागिपर्न अनुरोध गर्दछु। आगामी आर्थिक वर्षमा पनि प्रतिफलको सुनिश्चित हुनेगरी कार्यसम्पादन उत्कृष्ट हुनेमा विश्वास गर्न सकिन्छ । बार्षिक साधारण सभाको सफलताको कामना समेत गर्दछु । वार्षिक साधारणसभा आज सम्पन्न गर्न यसवर्ष भित्र नै बोलाएको हुनाले धैरै धैरै धन्यवाद ज्ञापन गर्दछु। NFRS 17 लागू गरिने सवालमा शेयर होल्डरलाई के कस्ता सू-सचेतना गर्न सकिन्छ त्यसतर्फ कम्पनीले ध्यान दिनुहोला भनी आग्रह व्यक्त गर्दछु । अन्त्यमा आउने वर्ष हरुमा समेत यस्तै उन्नति प्रगति हुनेछ भने आशा गर्न सकिन्छ ।

१२. शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझावहरुका विषयमा अध्यक्षको जवाफ :

सभाका सभापति तथा कम्पनीका अध्यक्षज्यूले शेयरधनी महानुभावबाट प्राप्त जिज्ञासा, महत्वपूर्ण राय, प्रतिक्रिया तथा सुझावका लागि हार्दिक धन्यवाद दिनु हुँदै वहाँको जिज्ञासालाई सम्बोधन गर्दै



Nepal Micro Insurance Company Ltd. Chitwan

शेयरधनी महानुभावले दिनु भएको सल्लाह सुझावहरु अहं र महत्वपूर्ण भएको तथा यसले कम्पनीलाई अगाडि बढाउन मार्ग दर्शन प्राप्त भएको, हौसला प्रदान गरेको भन्दै आगामी दिनहरुमा यहाँको सहयोग रही रहने विश्वास व्यक्त गर्दै यस कम्पनीको आजको दोस्रो वार्षिक साधारण सभामा प्रस्तुत वित्तीय विवरण उपर छलफल कार्यक्रममा इमेल मार्फत महत्वपूर्ण राय, सुझाव प्रस्तुत गर्नु भएकोमा सम्मानित शेयरधनी महानुभावलाई हार्दिक धन्यवाद प्रदान गर्नु भयो ।

१३. सभाबाट भएका निर्णयहरु :

प्रस्तुत प्रस्ताव उपर शेयरधनीबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको सम्बोधन भई सकेको हुँदा सभा सञ्चालक एवं नि. कम्पनी सचिव राम प्रसाद हुमागाईंले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका विषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु पारित गरियो ।

(क) सामान्य प्रस्तावहरु तथा सोमा भएको निर्णय :

प्रस्ताव नं.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्तुत सामान्य प्रस्ताव नं.१ को सम्बन्धमा कम्पनीको संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन निर्णयार्थ सभामा प्रस्तुत भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव नं.२ लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

निर्णय नं. २ : प्रस्तुत सामान्य प्रस्ताव नं.२ को सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व. २०८०/०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव नं.३ कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

निर्णय नं. ३ : प्रस्तुत सामान्य प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०८१/०८२ को लागि बाह्य लेखापरीक्षकमा नेहा एण्ड एशोसियट्स, काठमाडौंलाई नियुक्त गर्ने तथा निजको पारिश्रमिक रु. २,५०,०००। (कर बाहेक) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

Nepal Micro Insurance Company Ltd. Chitwan

प्रस्ताव नं. ४ सर्वसाधारण शेयर धनीको प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको नियुक्ति (निर्वाचन) गर्ने सम्बन्धमा ।

निर्णय नं. ४ : प्रस्तुत सामान्य प्रस्ताव नं. ४ का सम्बन्धमा कम्पनीको नियमावलीको नियम २७ को उपनियम २ को देहाय (ख) मा व्यवस्था भए बमोजिम सर्वसाधारण शेयर धनीहरुको तर्फबाट २ जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रयोजनका लागि अधिवक्ता श्री सूर्य बहादुर बोहोरालाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन सम्बन्धी सर्म्पूण कार्य गर्ने गरी जिम्मेवारी तोकिएकोमा निर्वाचन अधिकृत श्री सूर्य बहादुर बोहोराले २ जना सञ्चालकहरुको निर्वाचन गर्नका लागि प्रचलित कानून बमोजिम मिति २०८२।०२।०८ मा निर्वाचन कार्यक्रम प्रकाशित गरेकोमा तोकिएको समय भित्र सर्वसाधारण शेयर धनीहरु श्री सुनिता श्रेष्ठ, जि. काठमाडौं, काठमाडौं म.न.पा. वडा नं. १५, चमती र श्री अनुप मालाकार, जि. काठमाडौं, काठमाडौं म.न.पा. वडा नं.१६, म्हेपी गरी जम्मा २ जनाको मात्र उम्मेदवारी दर्ता भएको र निजहरुको उम्मेदवारी उपर कुनै दावी विरोध समेत नपरेको हुँदा निजहरु २ जना नै निर्विरोध संचालक निर्वाचित हुनु भएको व्यहोरा सभा समक्ष जानकारी गराउनु भयो । साथै निर्वाचन अधिकृतले निर्विरोध संचालक निर्वाचित हुनु भएको भनी जानकारी गराउनु भएका तपशिलमा उल्लेख भएका व्यक्तिहरुको नाम अनुमोदन गरियोस् भनी पेश भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

(१) श्री सुनिता श्रेष्ठ, जि. काठमाडौं, काठमाडौं म.न.पा. वडा नं. १५, चमती,
(२) श्री अनुप मालाकार, जि. काठमाडौं, काठमाडौं म.न.पा. वडा नं.१६, म्हेपी ।

प्रस्ताव नं. ५ संचालकहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य सेवा सुविधाका सम्बन्धमा ।

निर्णय नं. ५ : प्रस्तुत सामान्य प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा संचालक समितिका अध्यक्षलाई प्रति बैठक भत्ता रु.८,०००। (आठ हजार), संचालकहरुलाई प्रति बैठक भत्ता रु.५,०००। (पाँच हजार) र अन्य संचालकहरु संयोजक र सदस्य रहेको समिति, उप समितिका संयोजक एवं सदस्यहरुको प्रति बैठक, प्रति संचालक भत्ता रु.५,०००। (पाँच हजार) मा नियमानुसार लाग्ने कर कट्टा गरी प्रदान गर्ने तथा दैनिक भ्रमण भत्ताका हकमा प्रमुख कार्यकारी अधिकृत तह सरह प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

प्रस्ताव नं. ६ कम्पनीले सामाजिक उत्तर दायित्व अन्तर्गत गरेको खर्च अनुमोदन सम्बन्धमा ।

निर्णय नं. ६ : प्रस्तुत सामान्य प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा कम्पनीले सामाजिक उत्तर दायित्व अन्तर्गत गरेको खर्च कम्पनीको आ.व. २०८०/०८१ को वित्तीय विवरण बमोजिम अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

Nepal Micro Insurance Company Ltd. Chitwan

(ख) विशेष प्रस्तावहरु :

विशेष प्रस्ताव नभएको हुनाले कुनै निर्णय गरिएन ।

(ग) विविध प्रस्ताव तथा सोमा भएको निर्णय :

विविध विषयमा कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।

१४. <u>धन्यबाद ज्ञापन :</u>

सभाका सभापतिबाट शेयरधनी महानुभावले कम्पनीको काम कारवाही प्रति अभिरुचि राखि दिनु भएको सुझाव तथा मार्ग निर्देशनले कम्पनीको प्रगति हुने हुँदा उक्त सुझाव तथा मार्ग निर्देशनहरुलाई अंगिकार गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको लागि कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कम्पनीको दोस्रो साधारण सभामा आफ्नो कार्य व्यस्तताका बावजुद सहभागी हुनुभएका उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै शेयरधनीहरुको सहयोग तथा सदाशयताले आज यस दोस्रो साधारण सभा सफलताका साथ सम्पन्न भएको साथै यस साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सञ्चालक समितिका सदस्यहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव एवं कम्पनीको व्यवसाय प्रवर्द्धनमा इमान्दारी र लगनशिलताका साथ योगदान दिनुहुने कम्पनीका सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१५. <u>सभा समापन :</u>

अन्त्यमा, सभाका सभापति, अध्यक्ष श्री आशिष श्रेष्ठज्यूले छलफल गर्नुपर्ने अन्य कुनै विषय बाँकी नरहेको हुनाले कम्पनीको दोस्रो साधारण सभा दिनको १.१५ बजे समापन भएको घोषणा गर्नुभयो ।

Nepal Micro Insurance Company Ltd. Chitwan

राम प्रसाद हुमागाईं
नि. कम्पनी सचिव

आशिष श्रेष्ठ
अध्यक्ष

मिति : २०८२ साल जेष्ठ १६ गते शुक्रबार ।